www.lawcommission.gov.np

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७७/०१/०८

संवत् २०७७ सालको अध्यादेश नं. २

# राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई तत्काल संशोधन गर्न वान्छनीय भएको र हाल संघीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारि भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३३ मा संशोधन** : राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (यस पछि मूल ऐन भनिको) दफा ३३ को उपदफा (२) मा रहेका "केन्द्रीय समिति र संघीय संसदका संसदीय दलका कम्तिमा चालीस प्रतिशत सदस्यले" भन्ने शब्दहरुको सट्टा "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाको बखतको केन्द्रीय समितिको कम्तिमा चालीस प्रतिशत सदस्य वा त्यस्तो दलको संघीय संसदको संसदीय दलको कम्तीमा चालीस प्रतिशत सदस्यले एकैपटक" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल ऐनको दफा ४८ मा संशोधन** : मूल ऐनको दफा ४८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दर्ता गरिसकेका दलले" भन्ने शब्दहरु पछि "वा दफा ३३ को उपदफा (२) बमोजिम गठन भएको नयाँ दलले" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल ऐनको दफा ५२ संशोधन** : मूल ऐनको दफा ५२ मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :

"तर राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको दलका सदस्यहरुले दफा ३३ को उपदफा (२) बमोजिम नयाँ दल गठन गरेमा त्यस्तो दलले समानुपातिक तर्फको त्यस्तो प्रतिशत पूरा गर्न आवश्यक हुने छैन ।"

५. **मूल ऐनको दफा ५३ मा संशोधन :** मूल ऐनको दफा ५३ को उपदफा (१) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :

"तर दफा ३३ को उपदफा (२) बमोजिम गठन भएको दलका केन्द्रीय समितिका पदाधिकारी र सदस्यले त्यस्तो दल दर्ता भएको साठी दिन भित्र त्यस्तो विवरण पेश गर्नु पर्नेछ ।"

नेपाल कानून आयोग